लागि प्रोत्साहित गरिनेछ । विद्यालयहरुमा अतिरिक्त शैक्षिक क्रियाकलापहरुलाई निरन्तरता दिई थप प्रभावकारी बनाइनेछ ।

- विद्यालयहरुमा विद्यमान खानेपानीको समस्यालाई क्रमशः समाधान गर्दै लगिनेछ । विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ ।
- विद्यालय शिक्षामा अभिभावकहरुको अपनत्व विकास गर्नका लागि विद्यालयमा तहगत अभिभावक शिक्षा कार्यक्रम लागू गरिनेछ । यसका साथै विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने नीति अंगीकार गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा दरबन्दी मिलान गरी शिक्षक व्यवस्थापनलाई अझै व्यवस्थित गरिनेछ।
- विद्यमान शिक्षा ऐन, शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन मार्फत शैक्षिक सुशासन अभिवृद्धि गरिनेछ ।
- गाउँ शिक्षा योजनालाई प्रभावकरी रुपमा कार्यान्वयन गर्दै लगिनेछ । सूचकका आधारित विद्यालय अनुगमन तथा सुपरीवेक्षण प्रणालीको नतिजामूलक ढंगले कार्यान्वयन गरिनेछ ।
- शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी मिलान गरी शिक्षक व्यवस्थापनलाई अझै व्यवस्थित गर्दै लगिनेछ । दरबन्दी मिलानबाट समेत विषयगत शिक्षक परिपूर्ति हुन नसकेमा स्वयम् सेवक शिक्षकको अवधारणा कार्यान्वयन गरिनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षकहरुको पेसागत विकासमा जोड दिइनेछ । शैक्षिक गुणस्तर सुधारका लागि मेन्टर शिक्षकको अवधारणा कार्यान्वयन गरिनेछ ।
- शिक्षा क्षेत्रका सङ्घीय, प्रादेशिक र स्थानीय कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरी शैक्षिक सेवा प्रवाहलाई थप सेवाग्राहीमैत्री बनाइनेछ ।
- विद्यालय, प्र.अ. र शिक्षकलाई कार्यसम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था गरिनेछ । सोका लागि आवश्यक मापदण्ड विकास गरिनेछ ।विद्यालयहरुको भौगोलिक अवस्थितिको आधारमा क्लस्टर विभाजन गरी शिक्षकहरुलाई थप प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ । शिक्षक सरुवा कार्यविधि कार्यान्वयन गरिनेछ ।
- महिला शिक्षक तथा कर्मचारी सुत्केरी भइ प्रसुति विदामा वसेको अवधिमा वैकल्पिक शिक्षकको व्यवस्था गरिनेछ ।
- प्रत्येक शुक्रवारलाई BOOK Free को रुपमा कार्यावन्यन गरि अतिरिक्त क्रियाकलाप मार्फत जिवनोपयोगी सिप प्राप्ति गनृ अवसर
- डिजिटल प्रविधिवाट शिक्षा विद्यार्थीको हाजिरी गर्ने वातावरण विलाइनेछ ।
- विपद र आपतकालिन अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई Contigency Plnवनाइ अगाडि वढाइनेछ ।
- पालिका भरिका सवै विद्यालयहरुको विद्यार्थी पोशाकमा अव आउने शैक्षिक सत्रवाट एकरुपता गराइनेछ ।

**ख) स्वास्थ्य :**

मकवानपुरगढी गाउँबासीलाई गुणस्तरीय,सहजर अत्यावश्यक स्वास्थ्य सेवा प्रदान गर्न मकवानपुरगढी गाउँपालिका अन्तर्गतका ८ वटा स्वास्थ्य संस्थाहरु बाट प्रदान गरिदै आएको स्वास्थ्य सेवा निरन्तरता साथै आवश्यक गुणस्तर सुधार गर्ने साथै आ.व.२०८१/०८२मामकवानपुरगढी अस्पतालको बाँकी भौत्तिक पूर्वाधार सम्पन्न गरी चिकित्सक सहितको सेवा प्रारम्भ गर्ने लक्ष्यका साथ देहायबमोजिमका स्वास्थ्य कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१) ५ बर्ष मुनिका सम्पूर्ण बाल बालिकाहरुलाई तोकिएको समयमा लगाउनु पर्ने सबै खोपहरु प्रदानगरि पूर्ण खोप सुनिश्चितता भएको गाउँपालिका र सो को दिगोपना कायम गर्न आवश्यक कार्य गरिनेछ।

२) स्वास्थ्य संस्थामा सुरक्षित प्रसुति हुने हालको करिब ९२ प्रतिशतलाई १००प्रतिशत पु—याउन गर्भवति महिलाको घरभेट,प्रसुति पूर्वतयारीका लागि स्वास्थ्य आमा समूहलाई परिचालन गरिनेछ।

३) गाउँपालिका अन्तर्गतका ५वटा बर्थिङ सेन्टरहरुमा आवश्यक उपकरण साथै तालिम प्राप्त दक्ष प्रसुतिकर्मि (SBA)बाट सुरक्षित प्रसुति हुने व्यवस्था गरिनेछ।

४) सेवा प्रवाहका लागि अपर्याप्त मकवानपुरगढीर बुढीचौर स्वास्थ्य चौकीहरुको भवन मर्मत साथै नयाँ निर्माण गर्न जग्गा व्यवस्थापन गरी संघिय र प्रदेश सरकारमा DPR सहित सहयोग माग गरिनेछ ।

५) किशोर किशोरीहरुमा हुने स्वास्थ्य समस्यालाई स्थानीय स्वास्थ्य संस्थामा नै समाधान गर्न सबै स्वास्थ्य संस्थामा किशोर किशोरी मैत्री स्वास्थ्य संस्था बनाउन आवश्यक सामग्री सहित छुट्टै सेवा कक्ष विस्तार गरिनेछ ।

६) घरमा हुने प्रसुति शुन्य(Zero Home Delivery) पालिका घोषणा र दिगोपनाका लागि जनप्रतिनिधि,स्वास्थ्यकर्मि,महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका,सामुदायिक संघ संस्थाहरु समेत परिचालन गरिनेछ।

७) संस्थागत प्रसुति प्रोत्साहनका लागिउ त्तरप्रसुति घरभेट(PNC Visit)कार्यलाई प्रभावकारी बनाउन “ जनप्रतिनिधि सुत्केरी भेटघाट कार्यक्रम” सञ्चालन गरिनेछ।

८) पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान,पाटन अस्पतालसँगको सहकार्यलाई निरन्तरता दिदैं देशकै नमूना कामको रुपमा प्रशामक सेवा प्रदायक स्वास्थ्यकर्मिलाई निरन्तरता दिंदै थप तालिम प्रदान गरि प्रशामक सेवाको पहुँच सबै गाउँबासीमा पुर्याईनेछ ।

९) जेष्ठ नागरिकहरुलाई सामान्य स्वास्थ्य सेवाका लागि पनि स्वास्थ्य संस्थामा धाउनुपर्ने समस्या घटाउन स्वास्थ्यकर्मि सहित “जेष्ठ नागरिकसँग जनप्रतिनिधि कार्यक्रम” मार्फत सामाजिक सुरक्षा भत्ता वितरणको समयमा बार्षिक ४ पटक सामान्य स्वास्थ्य परीक्षण सेवा दिइनेछ।

